पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सडकको दुरवस्था सुधार्नेतर्फ ध्यान देऊ

**पाल्पाको ऐतिहासिक पर्यटकीय स्थल रानीमहल जाने तानसेन–रानीमहल सडक जोखिमपूर्ण बन्दै गएको धेरै भइसकेको छ । तर त्यहाँ सरोकारवाला निकायको ध्यान भने पुग्न सकेको छैन । सडक भासिएको, खाल्डाखुल्डी हुनुको साथै ढलको व्यवस्था नहुँदा पानीले हिलाम्मे र चिप्लो हुँदा धराप बन्दै गएको छ । बाह्य र आन्तरिक पर्यटक ओहोरदोहोर गर्ने सडकमा खाल्डाखुल्डी र चिप्लोका कारण नै अस्तव्यस्त हुँदा सडक पूर्वाधार कार्यालयले भने बनाउन चासो देखाएको छैन । ठूला–ठूला खाल्डा परेको सडकमा सवारी साधन जोखिमपूर्ण रूपले कुद्नु अस्वाभाविक होइन । पर्यटकहरु दिनहुँ हिंडडुल गर्ने व्यस्त सडकको सामान्य सुधार गर्न पनि सम्बन्धित निकाय उदासीन हुनुलाई स्वाभाविक मान्न सकिन्न । यस सडकखण्डको दूरावस्थाले उक्त निकायको गैरजिम्मेवारीपन उदांगो भएको छ । गुणस्तरहीन सडक निर्माण र समयमा मर्मतसम्भार नहुँदा सडकभरि खाल्टाखुल्टी र भ्वाङ परेको छ । हरेक वर्ष वर्षाको पानी पर्ना साथ सडकमा खाल्टाखुल्टी हुने गरे पनि यसमा सम्बन्धित निकायले चासो देखाएको पाइदैन् । पटक–पटक स्थानीयले सडक मर्मत गर्न आग्रह गरे पनि सुनुवाइ नगर्नु गैरजिम्मेवारीपनको पराकाष्ठा हो । त्यस क्षेत्रमा सडक विस्तारको जिम्मा लिएको सडक पूर्वाधार विकास कार्यालय पाल्पाले मर्मत सम्भार नगर्दा सडक विजोग बनेको आरोप छ ।**

**सडकमा सहज आवागमन भइरहोस् भनेर सरकारले सडकको मर्मतसम्भार नियमित रूपमा गर्नुपर्ने हो तर त्यस्तो पाइँदैन । आम जनमानस दिनहुँ हिंडडुल गर्ने व्यस्त सडकको सामान्य सुधार गर्न पनि उदासीन हुनु विडम्बनाको कुरा हो । साँघुरो सडक र अव्यवस्थित सवारी साधनका असुरक्षित सडक हुँदा बेला–बेला दुर्घटनाहरू भइरहन्छ । त्यस्ता दुर्घटनाले मानवीय तथा भौतिक क्षति बढिरहेको छ । दुर्घटना नहोस् भन्नका लागि समेत सडकलाई दुरुस्त राख्नुपर्छ । सडकलाई केवल भौतिक संरचनाको रूपमा मात्र लिइएकाले यो अवस्था आएको हो । नीति निर्माता र योजना कार्यान्वयनकर्ता सबैले सडकलाई भौतिक संरचनाको रूपमा मात्र लिए । तर सडक आम जनताको दैनिक जनजीवनसँग जोडिन्छ । यसलाई केवल भौतिक संचरनाको रूपमा मात्र लिनु मुनासिव हुन्न । समयमा नै सडक मर्मत नुहँदा दुर्घटना बढ्ने गरेको छ । दुर्घटनाबाट मृत्यु हुनेको ग्राफ बढ्नुमा सडक पनि जिम्मेवार छ । तसर्थ यात्रुहरुलाई सहज र सुरक्षित यात्राका लागि सम्बन्धित निकायले सडकको दुरवस्था सुधार्नेतर्फ ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

आशाको किरण त्यही पारी थ्यो, मन र मस्तिष्क दुवैको चाहना पनि एउटै तर पनि चञ्चले मनको त्रास अनि म मौन !

*(आशिष तमुको फेसबुक स्टाटस https://www.facebook.com/ashishtamu.sagar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ‘विना मियोको दाइँ’ गणतान्त्रिक व्यवस्था




*सरकार ऐन कानूनको पालनमा असफल जस्तै देखिन्छ भने ऐन कानुन नीति नियमहरु ठूलालाई चैन सानालाई ऐन जस्तै भऐका छन् । यस्तै अवस्था विद्यमान भैरह्यो भने कतै यो व्यवस्था पनि असफल हुने त होइन ? जनताहरु यसैलाई लिएर छलफल र चिया गफको विषय बनाएको देखिन्छ । किन नेपालमा हाल सम्मकै उत्कृष्ट मानिएको शासन व्यवस्था सञ्चालनको छोटो समयमै आलोचित र असफल जस्तै भएको होला चिन्ताको विषय बनेको देखिन्छ तर यसको एउटै उत्तर हो व्यवस्था परिवर्तन भयो तर नेतृत्व गर्ने नेतृत्व परिवर्तन हुन सकेन । नेतृत्वको कार्यशैली परिवर्तन हुन् सकेन । राणा शासनदेखि गणतन्त्रसम्म आईपुग्दा शासन व्यवस्था सञ्चालन गर्ने नेतृत्व उहि नै दोहोरीएको देखिन्छ अनि परिवर्तित शासन व्यवस्थामा कार्यशैली भने उही । व्यवस्था परिवर्तनसँगै जनताले आफ्नो व्यवहार र नेतृत्व परिवर्तन गर्न नसक्दा जुन जोगी आए पनि उहि भन्ने नेपाली उखान जस्तै भएका छन् नेपालका शासन व्यवस्थाहरु । अनि जनतालाई विना मियोको दाइँ जस्तै । सरकार र मुख्य राजनीतिक दलहरु शसन व्यवस्था सञ्चालन र सुशाशन स्थापित गर्ने कार्यमा निरीह देखिने गरेको पाइन्छ ।*

विधिको शासन कुनै पनि देशको शासन व्यवस्थाको मूल्याकनको महत्वपूर्ण आधार हो, तर विगत केहि वर्ष अगाडिदेखि विधिको शासन स्थापित गरि सुशासनको प्रत्याभूति दिन सरकारहरु असफल भएका छन् । पछिल्लो समय सरकारले जनताको अभिभावकत्व ग्रहण नगरेको आरोप लाग्ने गरेको छ । यसका साथै केन्द्रमा मात्रै नभएर स्थानीय तहसम्म फैलिएको भष्ट्रचार र बेथितिलाई नियन्त्रण गर्न नसकेको, ठूला-ठूला अपराधमा मुसिएकालाई आफ माफिका नाममा अपराधलाई प्रोत्साहन गर्न खोजेको, गणतन्त्र की मनपरितन्त्र परिभाषा स्पष्ट हुन नसकेको देखिन्छ । गणतन्त्रका सरकारहरुको शासन व्यवस्था आफ्ना नजिककाको कुरा सुन्दा सुन्दै आफ्नालाई बचाउँदा र अवसर दिदा दिदै विना मियोको दाइँ जस्तो अवस्थामा पुग्न लागेको अनुभुति हुन थालेको छ । यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

देशको सर्वोच्च पदमा जनताको छोरो पुग्ने जनअपेक्षित शासन व्यवस्था हो गणतन्त्र । विश्वका अन्य देशहरुमा यसको लोकप्रिय अभ्यास भईरहेको पनि देखिन्छ तर हाम्रो देशमा भने यो शासन व्यवस्था अभ्यासको छोटो समयमै हरेक पक्षबाट अलोकप्रिय र आलोचित बन्दै गएको हो की ? आशंका उत्पन्न भएको देखिन्छ । यसै बीचमा मसिर ७ बाट व्यवस्था परिवर्तनका लागि एउटा व्यक्ति दुर्गा प्रसाईले सरकार तथा गणतान्त्रिक शासन व्यवस्था माथि नै चुनौती दिईरहेका छन् । उनले भने झै काठमाडौं केन्द्रीत आन्दोलनमा जन साथ प्राप्त भयो भने के होला ? देशको प्रमुख पार्टी ऐमालेमा भने त्रास सिर्जना भइसकेको छ । परिणामस्वरुप प्रतिकारको आन्दोलनको घोषणा पनि उसले गरिसकेको समाचारहरु सुनिन थालेको छ । राज्य यसको नियन्त्रणमा भने बेखवर जस्तै देखिन्छ । अनि यस्ता क्रियाकलाप देख्दा जनता भन्दै छन् गणतान्त्रिक शासन व्यवस्था मियो विनाको दाइँ जस्तै भयो । जे बोल्न, जे लेख्न अनि जे गर्न पनि छुट छ । सरकार ऐन कानूनको पालनमा असफल जस्तै देखिन्छ भने ऐन कानुन नीति नियमहरु ठूलालाई चैन सानालाई ऐन जस्तै भऐका छन् । यस्तै अवस्था विद्यमान भै रहयो भने कतै यो व्यवस्था पनि असफल हुने त होइन ? जनताहरु यसैलाई लिएर छलफल र चिया गफको विषय बनाएको देखिन्छ । किन नेपालमा हाल सम्मकै उत्कृष्ट मानिएको शासन व्यवस्था सञ्चालनको छोटो समयमै आलोचित र असफल जस्तै भएको होला चिन्ताको विषय बनेको देखिन्छ तर यसको एउटै उत्तर हो व्यवस्था परिवर्तन भयो तर नेतृत्व गर्ने नेतृत्व परिवर्तन हुन सकेन । नेतृत्वको कार्यशैली परिवर्तन हुन् सकेन । राणा शासनदेखि गणतन्त्रसम्म आईपुग्दा शासन व्यवस्था सञ्चालन गर्ने नेतृत्व उहि नै दोहोरीएको देखिन्छ अनि परिवर्तित शासन व्यवस्थामा कार्यशैली भने उही । व्यवस्था परिवर्तनसँगै जनताले आफ्नो व्यवहार र नेतृत्व परिवर्तन गर्न नसक्दा जुन जोगी आए पनि उहि भन्ने नेपाली उखान जस्तै भएका छन् नेपालका शासन व्यवस्थाहरु । अनि जनतालाई विना मियोको दाइँ जस्तै ।

सरकार र मुख्य राजनीतिक दलहरु शसन व्यवस्था सञ्चालन र सुशाशन स्थापित गर्ने कार्यमा निरीह देखिने गरेको पाइन्छ । यसको एउटै कारण हो आफ्नालाई काखा पराईलाई पाखाको नीति अगाल्नु । उनीहरु आफ्ना कार्यकर्ता र आसेपासेलाई अगाल्दा अगाल्दै, आफ्ना नजिकका अपराधिलाई संरक्षण गर्दा गर्दै विधिको शासन स्थापित गर्न असफल जस्तै देखिन्छन् । निर्मला बलात्कार हत्या काण्ड, पछिल्लो समय देखा परेका काण्डै काण्ड, न्यायलयले दोषी ठहर गर्दा गर्दै आम माफीको नाममा सत्ता टिकाउनका लागि उन्मुक्ती दिनु, भष्ट्रचार र बेथितीको दर अत्याधिक बढ्दै जानु तर यसलाई नियन्त्रण गर्न नै नसक्नु, विभिन्न किसिमका काण्डहरु एक पछि अर्को आई रहनु, जिम्मेवार निकायका जिम्मेवार व्यक्ति गैर जिम्मेवार अभिव्यक्ति दिदै हिड्नु, राष्ट्रियताका विषयमा राज्य ज्यादै कमजोर हुँदै जानु, सत्ता प्राप्ति र सत्ता टिकाउनका लागि जस्तो सुकै कार्य गर्न पनि पछि नपर्नु, क्षमता र विज्ञताको कदर होइन राजनीतिक र भागबण्डाको राजनीतिले तिब्रता पाउनु, राज्यका निकायहरु कमजोर बन्दै जानु, राज्यले वितरण गर्ने पुरस्कार तथा सम्मान योगदानका आधारमा हैन राजनीति भागबण्डा र हजुरीका आधारमा हुनु, ऐन नियमहरु राष्ट्र हितका लागि हैन व्यक्ति हितका लागि बनाईनु अनि आफु अनुकुलका लागि पटक-पटक परिवर्तन भैरहनु, विकास तथा योजनाहरुमा कमिसनको चकरले समयमा र गुणस्तरीय हुन सकिरहेको देखिदैन तर अनुगमन र कारवाही गर्ने निकाय बेखबर जस्तै देखिन्छन् । देश विधिमा हैन आदेशमा सञ्चालन गर्ने अभ्यासलाई बढावा दिदै लानु । कुनै पनि सरकारलाई सहज काम गर्न नदिनु विभिन्न किसिमका समस्याहरु उत्पन्न गराइरहनु, सरकार, संसदले होइन आन्दोलन र भिडले निर्णयमा प्रभाव पार्नु जस्ता कुराहरुबाट प्रष्ट हुन्छ कतै गणतान्त्रिक शासन व्यवस्था विना मियोको दाइँ जस्तै बनेको त होइन ?

हरेक क्षेत्रमा राजनीतिक हस्तक्षेपले चुलुर्म डुबिसकेको छ । कर्मचारीतन्त्रलाई चरम हस्तक्षेपका कारण अस्थित्व विहीन बनाईएको छ । उनीहरु आफ्नो क्षमता र कार्यक्षमता बढाउन हैन राजनीतिकर्मीको हजुरी र चाकरीमा समय बिताउन थालेका छन् । जति हजुरी गऱ्यो, निर्वाचनमा राजनीतिक दललाई सहयोग र सक्रियता देखायो त्यही नै पुरस्कृत हुने, उसैको वृत्ति विकास हुने, रोजेको कार्यालयमा सरुवा हुने संस्कारको विकास गरेका छौं । यहि कारण सरकारी कार्यालयमा सेवा ग्राहीले बेला बेलामा विभिन्न समस्या झेल्दै आउनु परिरहेको छ । कहिले कर्मचारीतन्त्रबाट त कहिले सेवा ग्राहीको तर्फबाट विभिन्न विवाद र आक्रमणका समाचार आई रहेका छन् । यसका साथै नीतिगत भ्रष्टचारले तीन तहकै सरकारमा व्यापकता पाएको छ । आम्दानी भन्दा अनुत्पादक खर्चको अवस्था वृद्धि हुँदै गऐको देखिन्छ । बेला-बेलामा विभिन्न प्रलोभन र शक्ति समूहको दबावमा हाम्रा नेतृत्व वर्गले विगत र वर्तमान पनि राष्ट्रहित र राष्ट्रियतामा आच आउने गम्भीर र दीर्घकालीन असर हुने खालका विना अध्ययन र विश्लेषण निर्णय र सम्झौता गरिरहेका छन् । हाम्रा पूर्खाले राष्ट्रियताका लागि गरेको योगदानलाई हाम्रा नेतृत्व वर्गले छिन भरमा नै गुमाई रहेका छन् । हाम्रा राजनीतिक दलहरुमा आफ्ना समर्थकबाट हुने गलत कार्यलाई गलत भन्न नसक्ने दीर्घ रोग लागि सकेको छ । सामान्य औषधीले यसको रोगथाम त होला तर उपचार भने असम्भवनै देखिएको छ ।

अरु क्षेत्रको त कुरै छोडौं न्याय दिन बसेका तीनै तहका अदालतहरु अर्थहिनको बाटोमा हिडिरहेको आवास भएको छ । न्याय प्रणालीमा लेनदेन र बार्गेनिङले प्रश्रय पाईरहेको आभाष भै रहेको छ । साथै बेला बेलामा चरम राजनीतिक हस्तक्षेपका कारण बेथितिहरु सडकसम्म नै आइपुग्ने गर्दछ । यस्तो संवेदनशील क्षेत्रमा भएको बेथिति, राजनीतिक हस्तक्षेप र आश्चर्यजनक निर्णयले सामान्य नागरिकलाई भने दुखी तुल्याउने गर्दछ । न्यायधीश नियुक्तिमा राजनीतिक भागबण्डाले यस क्षेत्रमा भित्र-भित्र भुसको आगो झै फैलिरहेको छ । कुन दिन समाप्त हुने हो यसको कुनै भर नै छैन । राज्यका सुरक्षा निकायले पनि स्वतन्त्र काम गर्न पाएको देखिदैन यी निकायहरु माथि पनि बेला बेलामा हस्तक्षेप र अस्थिरता निम्त्याउने काम वर्तमान राजनीतिक प्रणालीले गरेको देखिन्छ । लामो समयको प्रयास र आन्दोलन, हजारौंको बलिदानी र अरबौको राज्यको व्ययभारबाट प्राप्त भएको हो गणतान्त्रिक शासन व्यवस्था अनि जनताको छोरो पुगेको हो राज्यको सर्वोच्च स्थानमा । यति छोटो समयमै विश्वमै उत्कृष्ट मानिने यस शासन व्यवस्थालाई आलोचित र अलोकप्रिय बनाउने छुट हाम्रा नेतृत्वकर्तालाई छैन । यसका लागि तत्काल राजनीतिक दलका नेतृत्व र सरकार सञ्चालकले माथि उल्लेखीत पक्षहरुमा ध्यान दिदै आफ्नो कमजोरी, व्यवहार र कार्यशैलीमा सुधार गर्न जरुरी देखिन्छ । यसो गर्न सकेमा विना मियोको दाइँ जस्तो बन्न लागेको गणतान्त्रिक शासन ब्यवस्थामा देखिएका कमी कमजोरीहरुलाई हटाई आम जनतामा लोकप्रिय बनाउन सकिने थियो की ?

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१–५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१–५४१२३३
- भैरहवा ०७१–५२०१९९
- अर्घाखाँची ०७७–५२११९९
- गुल्मी ०७९–५२०१९९
- परासी ०७८–५२०१९९
- तौलिहवा ०७६–५६००९९
- पाल्पा ०७५–५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१–५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
- पिचन्द्र परासी ०७८–५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
- बुटवल हस्पितल ०७१–५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१–५४४६००
- लियो क्लब अफ बुटवल ०७१–५४५८९३
- रेडक्रस भैरहवा०७१–५२०२६३
- रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
- परासी ०७८–५२०१२५
- रेडक्रस पाल्पा ०७५–५२०६००
- रेडक्रस तौलिहवा ०७६–५६००१५
- रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९–५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६–६९०१०२
- रेडक्रस देवदह ०७१–५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कला र गलाको प्रभाव बढ्नेछ । | **तुला** : व्यापार व्यवसायमा रुची बढ्ने देखिन्छ । उपहार पाइने सम्भावना छ । |
| **वृष** : समाजसेवामा मन लाग्नेछ । उपकार गरेर अरुको मन जित्न सकिनेछ । | **वृश्चिक** : मंगल कार्यको योग छ । चिताएको कामले तीव्रता लिनेछ । |
| **मिथुन** : मनमा चञ्चलता बढ्नेछ, तर साँझमा शुभ समाचार सुन्नमा आउला । | **धनु** : आय आर्जनका क्षेत्रमा सुधार आउनेछ । बौद्धिकताको विकास हुनेछ । |
| **कर्कट** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । मान प्रतिष्ठामा वृद्धि होला । | **मकर** : अचल सम्पत्ती हात पर्न सक्छ । धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । मंगल कार्यको योग छ । | **कुम्भ** : व्यर्थको यात्रामा जान बाध्य भइएला । मन खिन्न हुने स्थिति आउनेछ । |
| **कन्या** : कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत पनि बढ्ला । | **मीन** : रोजगारको अवसर मिल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |




वैदिक कथा कमल रिजाल

# सङ्गतको प्रभाव



नीतिशास्त्र भन्छ 'सङ्गजा दोष गुणा भवन्ति' अर्थात् संसर्गले दोषलाई गुणमा र गुणलाई दोषमा परिणत गर्छ, गर्न सक्छ, गरिदिन्छ । संसर्ग भनेको संगत हो । संगतमा ठूलो शक्ति हुन्छ । उसले असललाई खराब र खराबलाई असल बनाउन सक्छ । यसको अर्थ हो जस्ताको संगत गरियो त्यस्तै बनिन्छ वा भइन्छ । आगोको संगतमा आए पानीले पनि तातो बन्नुपर्छ । पानीको संगतमा गए आगोले पनि चिसो हुनुपर्छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ यस्तै अद्भूत कथा प्रस्तुत गरिएको छ ।

*भागेका भेडालाई भेट्टाउँछ भनेर दौडिँदा गर्भीणी सिंहलाई अतिरिक्त बल गर्नुपर्‍यो, जसले गर्दा उसलाई समय नपुग्दै सुत्केरी बेथाले च्याप्यो र तत्कालै त्यहीं बच्चा जन्माई । तैपनी ऊ एउटा सानो भेडाको पाठो समाउन सफल भई र त्यसैलाई लिएर हिँडी तर उसको बच्चा भने भेडाकै बथानमा छुट्यो । ऊ बिस्तारै भेडाकै बथानमा हुर्क्यो, बढ्यो तर भइदियो के भने ठूलो हुँदा पनि भेडाको संगतले गर्दा उसको स्वभाव भने भेडाको जस्तै भयो । भेडाकै बथानमा बस्थ्यो, उनीहरूले जस्तै भ्याभ्या गर्थ्यो, घाँस खाएर प्राण बचाउँथ्यो । समय बित्दै गयो उसले पनि भेडाजस्तै बनेर जीवन व्यतीत गरिरह्यो । त्यत्तिकैमा एक दिन एउटा अर्को घटना भयो । भएको के थियो भने सदा झैं भेडाहरू चौरमा चरिरहेका थिए एउटा जब्बर सिंह आक्रमण गर्न आइपुग्यो । उसलाई देख्ने बित्तिकै भेडाहरूमा भागाभाग चल्यो । अरू त ठीकै थियो, सिंहलाई देखेर भेडाहरू भाग्ने नै भए तर यहाँ त उनीहरूको साथमा सिंहको बच्चा पनि भागिरहेको थियो ।*

धेरै पहिलेको कुरा हो । एक पटक भेडाको बथानमा एउटी गर्भिणी सिंह आइपुगेकी थिई । उसलाई देख्ने बित्तिकै भेडाहरू भाग्न थाले । भागेका भेडालाई भेट्टाउँछ भनेर दौडिँदा गर्भीणी सिंहलाई अतिरिक्त बल गर्नुपर्‍यो, जसले गर्दा उसलाई समय नपुग्दै सुत्केरी बेथाले च्याप्यो र तत्कालै त्यहीं बच्चा जन्माई । तैपनी ऊ एउटा सानो भेडाको पाठो समाउन सफल भई र त्यसैलाई लिएर हिँडी तर उसको बच्चा भने भेडाकै बथानमा छुट्यो । ऊ बिस्तारै भेडाकै बथानमा हुर्क्यो, बढ्यो तर भइदियो के भने ठूलो हुँदा पनि भेडाको संगतले गर्दा उसको स्वभाव भने भेडाको जस्तै भयो । भेडाकै बथानमा बस्थ्यो, उनीहरूले जस्तै भ्याभ्या गर्थ्यो, घाँस खाएर प्राण बचाउँथ्यो । समय बित्दै गयो उसले पनि भेडाजस्तै बनेर जीवन व्यतीत गरिरह्यो । त्यत्तिकैमा एक दिन एउटा अर्को घटना भयो । भएको के थियो भने सदा झैं भेडाहरू चौरमा चरिरहेका थिए एउटा जब्बर सिंह आक्रमण गर्न आइपुग्यो । उसलाई देख्ने बित्तिकै भेडाहरूमा भागाभाग चल्यो । अरू त ठीकै थियो, सिंहलाई देखेर भेडाहरू भाग्ने नै भए तर यहाँ त उनीहरूको साथमा सिंहको बच्चा पनि भागिरहेको थियो । आफूलाई देखेर आफ्नै जातिका बन्धु पनि भागेको देखेर सिंहलाई आश्चर्य लाग्यो । उसले त्यसको रहश्य बुझ्न सकेन र मीठो स्वरमा भन्यो-

'ए भाइ ! किन भाग्छौ ? पख । मलाई देखेर भेडाहरू भागेको त बुझियो तर तिमी किन भाग्यौ त्यो भने बुझिएन । भेडाहरू हाम्रा आहार हुन् । त्यसैले हामीलाई देख्ने बित्तिकै मार्छ भनेर भाग्छन् तर तिमी हाम्रै जातिका हौ । आफ्नै जातिकालाई देखेर पनि किन यसरी भागिरहेका छौ ? कि आफूलाई पनि भेडा नै ठान्यौ ? तिमी त सिंह हो, सिंह बुझ्यौ ?'

सिंहको कुरा सुनेर भेडो सिंहले डराउँदै भन्यो-

'भोभो पर्दैन तिम्रो मीठो कुरा तिमीसितै राख । आफ्नै जातिका हौ भनेर खान खोजेका होइन ? म पनि त्यति मूर्ख छैन बुझ्यौ ? मेरा जतिका भनेका त यिनै भेडाहरू नै हुन्, जसको साथमा बसेको छु, खाएको छु, सुतेको छु । जब होस समालेदेखि यिनीहरूको साथमा पाएको छु भने तिमी कसरी मेरो सजातीय हुन सक्छौ ।'

भेडा सिंहको कुरा सुनेर असली सिंह थप आश्चर्यमा पर्‍यो । आखिर हो के यो ? यसले किन त्यसो भनिरहेको छ ? यस्तैयस्तै सोच्दै उसले भन्यो-

'कुरो त्यसो होइन भाइ ! तिमीले कुरा बुझेनौ । म तिम्रै सजातीय बन्धु हुँ । त्यसैले तिमीलाई केही गर्दिन । बरू आऊ साथमा । सँगै मिलेर भेडाको सिकार गरौं ।'

त्यसपछि भेडो सिंहले अनकनाउँदै भन्यो-

'होइन तिम्रो साथमा आउन सक्दिनँ । किनकि तिम्रो रूप देखेर डर लागिरहेको छ । मीठो कुरामा भुलाएर अन्य भेडालाई जस्तै खाइदियौ भने के गर्ने ? यसै पनि तिम्रो कुरामा विश्वास गर्ने आधार नै के छ र ? तिमी मेरै सजातीय हौ भन्ने छ कुनै प्रमाण छ ?' त्यसपछि सिंहले त्यसो हो भने आऊ भनेर उसलाई एउटा कुवामा लिएर गयो र टाउको पानीमा डुवाएर उसको अनुहार देखाउँदै बाहिर आफ्नो अनुहार देखाउने गर्न थाल्यो । जब तीनचार पटक यस्तो गरेको थियो ऊ पनि भ्याभ्या गर्न छाडेर सिंहले जस्तै गर्जन लाग्यो । धेरै पहिलेदेखि गुरुहरूबाट सुन्दै आएको यस उपनिषद् कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर संगतले पार्ने प्रभाव भने सत्य हो । जबसम्म त्यही सिंह भेडाको संगतमा थियो भेडाको जस्तै गर्थ्यो तर जब उसले सिंहको संगत पायो वा सङगतमा पर्‍यो तब आफ्नो स्वभाव देखाउन समर्थ भयो । यो एउटा सानो दृष्टान्त हो । जहाँ पनि संगतले पार्ने प्रभाव यस्तै हुन्छ ।

***-रातोपाटी डटकम***

जीवनी पुष्कर अथक रेग्मी

# शिक्षाका पिता : अयोध्या प्रसाद प्रधान




(वि.सं.१९६०-२०५५)

लुम्बिनी प्रदेश पाल्पा तानसेन असनटोल निवासी माता तिलोत्तमादेवी प्रधान र पिता बद्रीनारायण प्रधानका कनिष्ठ सुपुत्र अयोध्या प्रसाद प्रधानको जन्म वि.सं १९६० बैशाख १८ गते अक्षय तृतीयाका दिन भएको हो । अक्षरारम्भ घर परिवारबाटनै शुरुवात गरी पटनाबाट महाकवि लक्ष्मी प्रसाद देवकोटासँगै एस.एल. सी., विहार विश्वविद्यालयबाट सर्वोकृष्ट स्थान सहित एम.ए. स्वर्ण पदक, युनिभर्सिटी अफ मेरील्याण्ड यु.एस.ए. बाट एम.एड. उत्तीर्ण गरी नेपाल सरकारबाट महेन्द्र विद्याभूषणद्वारा विभूषित व्यक्तित्व अयोध्या प्रसाद प्रधानले जहानियाँ राणा शासनकालमै जनताका छोराछोरीलाई पनि शिक्षा दिनुपर्दछ भन्ने उद्देश्यका साथ काका मथुरा प्रसाद प्रधानलाई साथमा लिई तत्कालिन प्रधानमन्त्री पद्म शमशेरको नाम जोडी पाल्पा पब्लिक हाइस्कूल स्थापना गरी प्रथम प्रधानाध्यापक र विद्यालय सञ्चालन समितिको प्रथम सेकेटरी समेत हुनुभएकाले उहाँ विद्यालयको संस्थापकको रुपमा प्रतिष्ठापित रहनु भएको छ ।

नेपालको शैक्षिक विकासको क्रममा पाल्पा जिल्लाले नेपालको पश्चिमी र सुदुर पश्चिमी क्षेत्रहरूमा शिक्षा एवं साहित्यको विकास र प्रचार( प्रसार गर्ने काममा सेनकालीन समयदेखिनै महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । नेपाल एकिकरणको समय र अंग्रेजसँगको युद्धमा समेत गौरवान्वित भूमिका निर्वाह गरेको पाल्पामा भाषा पाठशाला स्थापना भएको र ठाउँ-ठाउँमा समूह एवं नीजि रूपमा शिक्षक राखी पढाउने चलन थियो ।यही दौरानमा अम्बिका प्रसाद लाकौलको घर तानसेन ठाडोगल्लीमा तत्कालिन समय वि.सं. १९८३ मा खोलिएको पुस्तक पढ्ने दलानले पाल्पामा शैक्षिक जागरण ल्याउनुका साथै शिक्षाको व्यापिकरण गर्नमा सघाउ पुऱ्यायो ।यसै परिप्रेक्ष्यमा वि. सं.२००४ बैशाख १ गते हालको पद्म पव्लिक नमूना माध्यमिक विद्यालयको स्थापना भयो ।

जहानिया राणा शासनको समयमा स्कुल खोल्नु र जनताका छोराछोरीलाई शिक्षा दिनु त्यति सजिलो कुरा थिएन । यस्तो अवस्थामा अयोध्या प्रसाद प्रधानले काका मथुरा प्रसाद प्रधानलाई साथमा लिएर काठमाडौं मृगेन्द्र शम्शेर कहाँ पटक-पटक गएर तत्कालिन प्रधानमन्त्री पद्मशम्सेरकै नाम जोडी विद्यालय खोल्ने अनुमति लिएर आएसँगै विद्यालय सञ्चालन भयो । अयोध्या प्रसाद प्रधान, मथुरा प्रसाद प्रधान, अम्विका प्रसाद लाकौल, नरेन्द्र प्रसाद लाकौल, करूणा प्रसाद प्रधान, कविराज दशरथमान सिंह, इन्द्रलाल भारती, गौरी नारायण समेत भई कुनै पनि वेतन सुविधा नलिई स्वयंसेवी शिक्षासेवी भइ विद्यालयको संस्थागत विकासमा योगदान पुऱ्याउनु भएको थियो । विद्यालयका संस्थापक प्रधानाध्यापक समेत रहनु भएका अयोध्या प्रसाद प्रधानले आफ्नो कार्यकालदेखिनै विद्यालयलाई शैक्षिक, सामाजिक, साँगीतिक एवं साँस्कृतिक संग्राहलयको रूपमा विकास गर्दै लगेकोले यही विद्यालय अहिले शिशु कक्षादेखि कक्षा १२ सम्म शिक्षण हुने पद्म पव्लिक नमूना माध्यमिक विद्यालयको रूपमा रहेको छ । यस विद्यालयले रजत महोत्सव र स्वर्ण महोत्सव मनाइसकेको छ भने यस वर्ष अमृत वर्ष महोत्सव मनाइरहेको छ । नारीलाई पनि शिक्षा दिनुपर्दछ, नारीलाई शिक्षा दिनु घर परिवार समाजलाई शिक्षा दिनु हो भन्ने विचारले उत्प्रेरित भएर उहाँले आफ्नी बहिनी बेगमती प्रधान र मथुरा प्रसाद प्रधानकी छोरी रत्नलक्ष्मी प्रधानलाई साथमा लिएर करीब ४० जना छोरी-चेलीहरू जम्मा गरी पाठशाला सञ्चालन गरी पढाउन लाग्नुभयो । त्यतिबेला उहाँले मौन व्रत धारण गरेकाले पढाउँदा इतिहास भूगोल नैतिक शिक्षा धर्म दर्शनका विषयवस्तु सिलेटमा लेखिदिनुहुन्थ्यो र मथुरा प्रसाद प्रधानले व्याख्या गरिदिनुहुन्थ्यो । यो पाठशालाले अन्ततः संस्थागत स्वरूप लिन पुग्यो र वि.सं.२००७ साल भाद्र १६ गते शुक्रबारका दिन कन्या स्कूलको रूपमा हालको मोहन कन्या माध्यमिक विद्यालय स्थापना भयो ।

पद्म पब्लिक नमूना मा. वि., मोहन कन्या मा.वि. र त्रिभुवन डिग्री कलेज (त्रिभुवन बहुमुखी क्याम्पस) पाल्पाको संस्थागत विकास गर्नुका साथै भाषा, कला, संस्कृति, साहित्य, संगीत, भजन कीर्तन र प्रवचनको संरक्षण सम्वर्द्धन र प्रवर्द्धनका लागि जागरण ल्याउदै सबैलाई सहयोग र समर्थन सहित सामाजिकीकरण गर्नुमा उहाँको अमूल्य योगदान रहेको छ । अयोध्या प्रसाद प्रधान, मथुरा प्रसाद प्रधान, अम्बिका प्रसाद लाकौल, इन्द्र लाल भारती लगायतका व्यक्तित्वहरूले ल्याएको शैक्षिक जागरणस्वरूप पाल्पामा क्रमिक रूपमा विद्यालय र शिक्षालयहरू खुल्दै गए । उहाँको योगदानलाई स्मरण गर्दै त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा परिसरभित्र अयोध्या प्रसाद प्रधान स्मृति भवन निर्माण गरिएको छ भने पद्म पब्लिक नमूना माध्यमिक विद्यालय परिसरको प्रांगणमा विद्यालयका संस्थापक अयोध्या प्रसाद प्रधानको अर्धकदको शालिक स्थापना गरिएको छ । अयोध्या प्रसाद प्रधानको जीवन संघर्षै-संघर्षमा बितिरह्यो । प्रिय पत्नी हेमलक्ष्मी प्रधान निसन्तान भएर स्वर्गीय भएपछि उहाँ पारिवारिक जीवनबाट विरक्तिएर योगी समेत बनी पाल्पाको रिमिघा लेकमा बसी तपस्या गरी सन्त जीवन व्यतित गर्नुका साथै धार्मिक र नैतिक प्रवचनहरू दिदै हिंड्नु भयो । समय बलवान् छ, यसर्थ समयसँगै सम्झौता गरी आफूभन्दा तीस वर्ष कान्छी दुर्गा देवीलाई दोस्रो पत्नीको रूपमा विवाह गरी पुन : गृहस्थ जीवनमा पदार्पण गर्नुभयो । उहाँबाट सुपुत्रद्वय भूषण र दीपङ्कर प्रसाद प्रधान एवं सुपुत्रीद्वय राज्यश्री र शान्ता प्रधानको जन्म भयो ।

विद्यालयको भवनमा त्रिभुवन डिग्री कलेज (त्रिभुवन बहुमुखी क्याम्पस) पाल्पाको स्थापना गरी संस्थापक/क्याम्पस प्रमुख (वि.सं २०११-२०१४) प्रज्ञा प्रतिष्ठानका विशेषज्ञ, केन्द्रीय तथ्याङ्क विभागका निर्देशक, नेपाल सरकारको आर्थिक सल्लाहकार समेत रहनु भएका उहाँले भारत, अमेरिका, स्वीजरल्याण्ड, जर्मनी, फ्रान्स, अष्ट्रेलिया, सिडनी, मेलवर्न लगायतका मुलुकमा नेपालको आर्थिक, प्रशासनिक, शैक्षिक, क्षेत्रको प्रतिनिधित्व गर्दै कुशल कार्य सम्पादन गर्नु भएको थियो ।

नेपाली, नेवारी, संस्कृत, पाली, हिन्दी, फ्रेन्च, अंग्रेजी लगायतका भाषाका ज्ञाता प्रधान **Encyclopedia of Nepal, Buddhas System of Meditations, पाल्पा एक परिचय, नेपालको धार्मिक सहिष्णुता, विज्ञान दर्शन, मगर शब्द संग्रह, मगर कुराको शिक्षा अनुवाद साहित्य** लगायतका कृतिहरुका लेखक समेत हुनुहुन्थ्यो । पाल्पाका शिक्षाका पिता, शिक्षाविद्, समाजसेवी, दक्ष प्रशासक, अनुसन्धानविद्, सिद्धहस्त लेखक एवं साहित्यकारको रुपमा प्रतिष्ठापित व्यक्तित्व अयोध्या प्रसाद प्रधानको ९५ वर्षको उमेरमा पारकिन्सन (नशारोग विशेष) बाट ग्रसित भई वि. सं २०५५ जेष्ठ ११ गतेका दिन काठमाडौं पुतली सडकस्थित आफ्नै निवासमा परलोकगमन भयो ।

जीवनको उत्तरार्द्धसम्म पनि आफै टाइपराइटर चलाएर केही न केही लेखिरहने अयोध्या प्रसाद प्रधानको व्यक्तित्व, कृतित्व र योगदानको चर्चा परिचर्चा हुनु आवश्यक छ । पाल्पा साहित्य समाजद्वारा प्रकाशित अमृताञ्जली र तानसेन गुठीद्वारा प्रकाशित चिनारीभित्र उहाँको जीवनी संगृहित छ । उहाँका लेख, अनुसन्धान र कृतिहरूको खोजीनीति भई पुस्तकका रूपमा सार्वजनिक हुनु जरूरी छ । नेवारी, नेपाली, अंग्रेजी लगायत धेरै भाषाका ज्ञाता, कुशल राष्ट्र सेवक, पाल्पाको शैक्षिक जगतका पिता, सिद्धहस्त लेखक साहित्यकार, सच्चा समाजसेवी अयोध्या प्रसाद प्रधानको योगदानलाई चिरस्थायी बनाइ अग्रज अमर पाल्पालीको रूपमा जीवन्त राखिरहनु हामी सबैको कर्तव्य हुन आउँछ ।

***(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष, स्रष्टा समीक्षक र प.प.न. मा.वि.का अध्यक्ष समेत हुन् ।)***

# आज राम्दीमा एकादशी मेला




**पाल्पा,** मंसिर ६/आज हरिबोधनी एकादशीको अवसरमा पाल्पा र स्याङ्जाको संगमस्थल राम्दीमा एकादशी मेला लाग्न लागेको छ । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल पाल्पाको मुख्य आयोजनामा मेला लाग्न लागेको हो ।

कला, संस्कृतिको संरक्षणसँगै राम्दीधामको धार्मिक तथा पर्यटकीय विकासमा टेवा पुऱ्याउने उद्देश्यले एक दिने मेला आयोजना गरिएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानले 'हाम्रो राम्दी, हाम्रो धाम, एकादशी मेला, सबै राम्दी जाम' भन्ने नाराका साथ मेला आयोजना गर्न लागिएको जनाएको हो । मेलाको सम्पूर्ण तयारी पुरा भएको प्रतिष्ठानका अध्यक्ष कमल भट्टराईले जानकारी दिए । उनले संस्कृतिको संरक्षणसँगै राम्दीको प्रचार-प्रसार गर्नु मेलाको मुख्य उद्देश्य रहेको बताए । अध्यक्ष भट्टराईका अनुसार मेलामा भजनकृतन, शंख फुक्ने, रामनदी धामको बारेमा महात्मा ज्ञान प्रवचन, पाल्पामा जन्मिएका राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुतीसँगै स्थानीय भजन, सोरठी जस्ता प्रस्तुति रहने छ । एकादशीका दिन कालीगण्डकी किनारमा स्नान गर्न जानेहरुको बाक्लो उपस्थिती हुने भएकाले पनि सोही दिन मेला आयोजना गरिएको प्रतिष्ठानले जनाएको छ । मेलाको डिभिजन वन कार्यालय पाल्पा आयोजक र संरक्षकको रुपमा बगनासकाली गाउँपालिका रहेका छन् ।

# धान उत्पादन बढ्दा किसान खुसी



**देउखुरी (दाङ),** मंसिर ६/दाङमा यसवर्ष धान उत्पादन वृद्धि भएपछि किसान खुसी भएका छन् । समयमै वर्षा भएकाले धान समयमा नै रोप्न पाउँदा जिल्लामा धान उत्पादनमा वृद्धि भएको किसानको भनाइ छ । यस वर्ष गत वर्षको तुलनामा नौ दशमलव ७५ प्रतिशत धान उत्पादन बढेको कृषि ज्ञान केन्द्र दाङले जनाएको छ ।

गतवर्ष एक लाख ५३ हजार चार सय ६३ मेट्रिक टन धान उत्पादन भएकामा यस वर्ष एक लाख ५८ हजार सात सय मेट्रिक टन धान उत्पादन भएको कार्यालयले जनाएको छ । घोराही उपमहानगरपालिका-६ का मंगल चौधरीले समयमा पानी परेकाले धान समयमै रोप्न पाएपछि विगत भन्दा यस पटक धान उत्पादनमा बढेको बताए । 'यसवर्ष ब्याड राखेको समयमै रोप्ने वातावरण बन्यो । पानीको समस्या नभएकाले रोपाइँ समयमा भएको थियो', उनले भने, 'हाइब्रिड धान रोपेका थियौं । त्यसैले पनि धान उत्पादनमा वृद्धि भएको हो ।' घोराही-५ धर्नाका मनोज चौधरीले 'युएस तीन सय १२' जातको धान लगाएका थिए । "गतवर्ष १५ कठ्ठा खेतमा ६० मुरी धान फलेकामा यसवर्ष सोही जमिनमा ७० मुरी धान फलेको छ', उनले भने, 'गतवर्ष उत्पादन भएको धाएर सकिएको थियो । यसवर्ष पाँच क्विन्टल बिक्री गरेको छु । समयमा रोपाइँ गरेकाले धान उत्पादन बढेको हो ।' रोपाइँ गरेदेखि पसाउँदासम्म धानलाई आवश्यक मात्रामा पानी पुगेकाले उत्पादन बढेको मनोजको भनाइ थियो । हाइब्रिड जातको बीउ, समयमा पानी पर्नु, मल समयमा पाउनुलगायत कारणले उत्पादन बढेको केन्द्रले जनाएको छ । जिल्लामा यस वर्ष ३५ हजार दुई सय ८० हेक्टर क्षेत्रफलमा वर्षे धान लगाइएकामा नौ दशमलव ७५ प्रतिशतले उत्पादनमा वृद्धि आएको केन्द्रका कृषि अर्थविज्ञ एवम् सूचना अधिकारी पृथ्वीराज लामिछानेले जानकारी दिए । उनका अनुसार यस वर्ष प्रति हेक्टर पाँच मेट्रिक टन धान उत्पादन भएको छ । *-रासस*

# रैनादेवी छहराको गोखुङ्गामा...

...मुभुङ्को कटौजेपानी कालिका मन्दिरमा लाग्ने सराय नाच, छहराको लमिनी सराय नाच, लगायत यस क्षेत्रका विशेष परम्परागत कला संस्कृतिहरुलाई पालिकाले उच्च स्थान दिएको उनले बताए । न्वागी महोत्सवमा आउने सबै भक्तजन, पर्यटक, तथा दर्शकहरुलाई रैनादेवी मन्दिरमा दहि, चामल खुवाउने व्यवस्था मिलाएको वडा अध्यक्ष प्रदिप पौडेलले बताए । न्वागीको अवसरमा रैनादेवी छहरा गाउँपालिका स्तरीय सोरठी नाच प्रतियोगिता सञ्चालन गरिने छ । जसमा प्रथम हुने टोलीलाई १२ हजार, दोस्रो हुने टोलीलाई ९ हजार, तेस्रो हुनेलाई ७ हजार र सहभागी सबै टोलीलाई यातायातको व्यवस्था गरिएको अध्यक्ष पौडेलले बताए । न्वागी महोत्सवको लागि विभिन्न उप समितिहरु तयारीमा जुटेका छन् । केही बर्ष देखी गाउँपालिकाले स्थानीय कला संस्कृति बचाउन, युवा पुस्तामा कला संस्कृति सिकाउन न्वागी महोत्सवमा सोरठी ठूलो नाचलाई प्रतियोगिताको रुपमा सञ्चालन गर्दै आएको छ । न्वागी पर्व यस क्षेत्रको ठूलो पर्व रहेको टाढा-टाढाबाट भक्तजनहरु रैनादेवीको पुजाआजाको लागि आउने गरेको पुजारी मिनबहादुर दर्लामीले बताए । रैनादेवी मन्दिर परिसर गोखुङ्गाबाट लामो रेञ्जका हिमालहरुको साथै पाल्पा, गुल्मी, अर्घाखाँची जिल्लाको दृश्यावलोकन गर्न उपयुक्त ठाउँ रहेको छ । वडा कार्यालय रैनादेवी क्षेत्रमा आउने पर्यटकहरुलाई लक्षित गरी स्थानीयस्तरमा होमस्टे सञ्चालन गर्ने तयारीमा समेत जुटेको छ ।

## खेलकुद समाचार

# घरेलु मैदानमा नेपालको लगातार दोस्रो हार



**काठमाडौं,** मंसिर ६/फिफा विश्वकप २०२६ र एएफसी एसियन कप २०२७ को संयुक्त छनोट अन्तर्गत दोस्रो चरणमा नेपालले लगातार दोस्रो हार बेहोरेको छ । समूह एच अन्तर्गत मंगलबार घरेलु मैदानमै नेपाल यमनसँग २-० ले पराजित भएको हो ।

१३ हजार भन्दा बढी दर्शकमाझ घरेलु मैदानमा नेपालले यमनविरुद्ध सन्तोषजनक प्रदर्शन गर्न सकेन । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा यमनलाई जित दिलाउन वैकल्पिक खेलाडीको रुपमा मैदान प्रवेश गरेका ओमार अब्दुल्लाह अल-दाही र मोहम्मद अब्दुल्लाह अल-दाहीले दोस्रो हाफमा गोल गरे । ओमारले ७२ औं मिनेटमा गोल गर्दै यमनलाई अग्रता दिलाएका थिए । उनले नेपाली लेफ्ट ब्याक आशिष चौधरी उपचारका क्रममा मैदान बाहिर रहँदा गोल गरेका थिए । यस्तै मोहम्मद अब्दुल्लाह अल-दाहीले खेलको अन्त्यतिर गोल गर्दै यमनको जित पक्का गरे । दोस्रो चरणको छनोटमा यमनको यो पहिलो जित हो । यमनले दुई खेलबाट ३ अंक जोडेको छ । पहिलो खेलमा यमन बहराइनसँग २-० ले पराजित भएको थियो । पहिलो खेलमा नेपाल युएईसँग ४-० ले पराजित भएको थियो । दुई खेलपछि नेपाल समूह एचमा अंकविहीन छ । यस समूहमा युएई र बहराइन बलियो टोली भएकाले नेपालसामु घरेलु मैदानमा यमनलाई हराएर अंक जोड्ने अवसर थियो । विशेषगरी फिनिसिङमा नेपालले राम्रो गर्न सकेन । मुख्य प्रशिक्षक भिनसेन्जो अल्बर्टो एनेसले यमन विरुद्ध पहिलो रोजाईमा यसअघिको खेलबाट तीन खेलाडी परिवर्तन गरेका थिए । चोटबाट पुनरागमन गरेका अनन्त तामाङ, दिनेश हेन्जनसँगै एरिक विष्ट पहिलो रोजाईमा खेलेका थिए । तर अनन्तले ७२औं मिनेटमा चोटका कारण मैदान छाडे । उनलाई स्ट्रेचरमै राखेर मैदान बाहिर ल्याइएको थियो । यस्तै यसै खेलबाट राजेश परियारले राष्ट्रिय टिममा डेब्यु गरे । राजेशले ७२ औं मिनेटमा अञ्जन विष्टको स्थानमा मैदान प्रवेश गर्दै सिनियर टोलीबाट डेब्यु गरेका हुन् । दोस्रो हाफमा आयुष घलान, मनिष डाँगी र हिसुव थपलियालाई नेपालले मैदान प्रवेश गराएको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन
दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा दोहोरो अंकको वृद्धि



**पाल्पा,** मंसिर ६/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको वृद्धि भएको छ । बुधबार नेप्से परिसूचक २० दशमलव ६७ अंकले बढेर एक हजार आठ सय ५० दशमलव ३३ अंकमा कायम भएको हो ।

दुई सय ९४ कम्पनीको ४२ लाख १३ हजार दुई सय ८५ कित्ता शेयर ४३ हजार पाँच सय ८३ पटक खरिदबिक्री हुँदा रू एक अर्ब आठ करोड ७० लाख ९८ हजार चार सय ९५ बराबरको कारोबार भएको छ । म्युचुअल समूहको उपसूचक शून्य दशमलव ०३ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह तीन दशमलव ४९ र जलविद्युत समूह दुई दशमलव ३६ प्रतिशतले बढेको छ । बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सयपत्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आठ दशमलव १५ प्रतिशतले बढेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू १० करोड ७६ लाख तीन हजार नौ सय ८३ बराबरको कारोबार भएको छ ।

कारोबार भएका शेयर संख्याका आधारमा भने प्राइम कमर्सियल बैंक प्रमोटर शेयर आठ लाख ५० हजार १० कित्ता कारोबार भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई